मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक २७९ • २०८३ साल भाद्र २९ गते सोमबार • Monday 14, September 2026 • सूर्योदयः बिहान ०५:४७ बजे • सूर्यास्तः साँझ ०६:११ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## पूर्वराष्ट्रपति यादवद्वारा देश विकासमा योगदान गर्न आग्रह

**ललितपुर।**
पूर्वराष्ट्रपति डा. रामवरण यादवले देश र समाजका लागि योगदान गर्ने व्यक्तिहरू नै वास्तविक रूपमा सफल र कर्मयोगी हुने बताउँदै उनीहरूलाई आगामी दिनमा पनि देशको विकासमा निरन्तर योगदान गर्न आग्रह गरेका छन्।

व्यावसायिक क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तित्व तथा संस्थालाई सम्मान गर्ने उद्देश्यले सिजन मिडियाको प्रस्तुतिमा आइतबार ललितपुरमा आयोजित 'एसियन प्रोफेसनल एचिभमेन्ट अवार्ड नेपाल २०२६' को ग्रान्ड अवार्ड समारोहमा उनले नेपालसहित विभिन्न एसियाली मुलुकका व्यक्तित्वलाई सम्मान गर्ने अवसर महत्वपूर्ण भएको बताए।

नेपालका लागि बङ्गलादेशका राजदूत मोहम्मद साफिकुर रहमानले एसियाली समाजमा उत्कृष्टता, समर्पण र योगदानको सम्मान गर्दै युवासहित सबैलाई समाजसेवाका लागि प्रेरित गर्ने तथा नेपाल–बङ्गलादेशबीच जनस्तरको सम्बन्ध र सांस्कृतिक सहकार्य सुदृढ गर्ने मञ्चका रूपमा अवार्ड कार्यक्रमको प्रशंसा गरे।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सफलता निरन्तरको लगनशीलताबाट प्राप्त हुने बताउँदै विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तित्वलाई सम्मान गरेकोमा आयोजकप्रति आभार व्यक्त गरे। उनले सम्मानित व्यक्तित्वलाई समाजप्रति जिम्मेवार भएर क्रियाशील रहन आग्रह गरे।

# २०० परिवारलाई एउटा बोरिङको भर



**मधेशदृष्टि**
**सिरहा।**
वर्षा पनि भइरहेको छ। देश बाढीपहिरोको चपेटामा पनि छ। तर मधेश भने धमाधम पानीको अभावमा आकुलव्याकुल भइरहेको छ। गोलबजार नगरपालिका–१२ बेतौना–हरिपुरका करिब २०० घरपरिवार यतिबेला खानेपानीको समस्यामा परेका छन्। घरको आँगनमा चापाकल भए पनि पानी आउन छाडेपछि स्थानीयवासी एउटै सबमर्सिबल पम्पको भरमा पानीको जोहो गर्न बाध्य छन्।

बेतौनाकी ४५ वर्षीया चन्दरदेवी मुखियाको घरआँगनमै चापाकल छ। तर, केही वर्षदेखि त्यसबाट पानी आउन छाडेको छ। आफ्नै चापाकल सुकेपछि उनी छिमेकी मोहन झाको घरमा जडान गरिएको सबमर्सिबल पम्पबाट पानी भरेर गुजारा चलाउँदै आएकी छन्।

गाउँमा बिहान र बेलुका पानी भर्न स्थानीयको लामो लाइन लाग्ने गरेको छ। दुई बाल्टिन पानीका लागि समेत घण्टौँ कुर्नुपर्ने अवस्था रहेको स्थानीय बताउँछन्।

स्थानीय आशादेवी मुखियाले चापाकलबाट पानी निकाल्न विशेष मोटर जडान गरेकी छन्। तर, मोटर जडान गरेको वर्षौँ बितिसक्दा पनि पानी आउन नसकेको उनको भनाइ छ।

वडाध्यक्ष गणेश मुखियाको घरआँगन र बारीमा समेत दुईवटा चापाकल छन्। त्यसमध्ये एउटामा विशेष मोटर जडान गरिएको छ। तर, उनको घरमा पनि चापाकलले पानी तान्न छाडेको छ।

• **पाँच वर्षदेखि बढ्दै पानीको समस्या**

स्थानीय मोहन झाका अनुसार बेतौनामा पछिल्लो पाँच वर्षदेखि खानेपानीको समस्या क्रमशः बढ्दै गएको छ। वर्षायाममा पर्याप्त पानी परेका बेला केही समय चापाकलमा पानी आउने गरे पनि यस वर्ष लामो समयसम्म वर्षा नहुँदा समस्या गम्भीर बनेको हो।

'हाम्रोमा पछिल्लो पाँच वर्षदेखि पानीको समस्या छ। असार–साउनमा राम्रो पानी पर्दा मंसिर–पुससम्म चापाकलमा थोरै–थोरै पानी आउँथ्यो', झाले भने, 'तर, यस वर्ष लामो समयदेखि पर्याप्त पानी नपर्दा चापाकलबाट पानी आउनै छाडेको छ।'

खडेरीका कारण धानखेतमा सिँचाइको माग बढेको छ। खेतमा सिँचाइका लागि मोटर तथा दमकल एकैपटक सञ्चालन हुँदा भूमिगत पानीमा थप दबाब परेको झाको भनाइ छ।

उनका अनुसार गाउँका अधिकांश मानिस नुहाउन र कपडा धुनसमेत खेततर्फ जाने गरेका छन्। त्यसैले गाउँमा रहेको एउटै सबमर्सिबल पम्पमा पानीको चाप केही कम भएको छ।

'खेतमा भएका मोटर र दमकल धान सिँचाइका लागि चलिरहेका छन्। नुहाउन र लुगा धुन पनि धेरैजसो मानिस चौरी (धानखेत) जाने भएकाले यहाँ केही चाप कम छ,' झाले भने, 'उताका मोटर नचल्ने हो भने एउटा समरसेवलले यो गाउँलाई धान्नै सक्दैन।'

तत्काल वैकल्पिक व्यवस्था नगरिए बेतौनावासीले अझ ठूलो पानी संकट बेहोर्नुपर्ने उनको चेतावनी छ।

• **वडा भन्छ–व्यक्तिगत समरसेवल दिन सक्ने अवस्था छैन**

वडाध्यक्ष गणेश मुखियाले घरायसी प्रयोजनकै लागि पानीको ठूलो समस्या देखिएको स्वीकार गरेका छन्। तर, वडाले प्रत्येक घरलाई छुट्टाछुट्टै सबमर्सिबल पम्प उपलब्ध गराउन सक्ने अवस्था नरहेको उनले बताए।

'घर व्यवहारमा चलाउने पानीकै ठूलो समस्या आएको छ। तर हामीले व्यक्ति–व्यक्तिलाई समरसेवल दिन सक्ने अवस्था वडाको छैन', मुखियाले भने, 'लामो समयको खडेरी र धानखेतमा भएका मोटरहरू एकैपटक चल्दा भूमिगत पानीको सतह झरेर चापाकलले काम गर्न छाडेका हुन्।'

• **घर–घरमा चापाकल बाँडेर समस्या समाधान हुँदैन**

गोलबजार नगरपालिकाले खानेपानी तथा सिँचाइका नाममा हरेक वर्ष करोडौँ रुपैयाँ खर्च गर्दै आए पनि दीर्घकालीन समाधानतर्फ ध्यान नदिइएको स्थानीयको गुनासो छ।

स्थानीयसमेत रहेका पूर्व खानेपानी डिभिजनल इन्जिनियर देवनाथ महतोका अनुसार घर–घरमा चापाकल वितरण गर्ने र साना–साना योजनामा बजेट छर्ने प्रवृत्तिले खानेपानीको समस्या समाधान हुँदैन।

'अब घर–घरमा चापाकल बाँडेर मात्र खानेपानीको समस्या समाधान हुँदैन', महतोले भने, 'एउटा गाउँ वा टोललाई लक्षित गरेर सामूहिक बोरिङ, सानो ओभरहेड ट्याङ्की र व्यवस्थित वितरण प्रणाली निर्माण गर्न स्थानीय तहले दीर्घकालीन योजना बनाउनुपर्छ।'

• **खानेपानीसँगै कृषि उत्पादनमा पनि असर**

यस वर्षको लामो खडेरीले बेतौनामा घरेलु प्रयोजनका लागि मात्र नभई कृषि उत्पादनमा समेत असर पार्ने देखिएको छ। पर्याप्त वर्षा नहुँदा खेतमा सिँचाइको माग बढेको छ भने भूमिगत पानीको अत्यधिक दोहनले खानेपानीका स्रोतसमेत सुक्दै गएका छन्।

बेतौना मात्र नभई तराई–मधेशका विभिन्न क्षेत्रमा पछिल्ला वर्षमा भूमिगत पानीको सतह घट्दै जाँदा खानेपानीको संकट गहिरिँदै गएको जानकारहरू बताउँछन्।

चुरे क्षेत्रको अनियन्त्रित दोहन, अनियमित वर्षा, लामो खडेरी, भूमिगत पानीको अत्यधिक प्रयोग, परम्परागत पोखरी तथा जलाशयको अतिक्रमण र बढ्दो तापक्रमले पानीको प्राकृतिक पुनर्भरण प्रणाली कमजोर बनाएको विज्ञहरूको भनाइ छ।

बढ्दो गर्मी र घट्दो पानीको सतहका कारण तराई–मधेशमा खानेपानी, कृषि तथा वातावरण तीनै क्षेत्रमा संकट थप गहिरिने जोखिम बढेको छ।

# बजेट भागबन्डामा कुरा नमिल्दा बटेश्वरको बजेट प्रक्रिया रोकियो




**मधेशदृष्टि**
**जनकपुरधाम।**
आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बित्न लाग्दा पनि धनुषाको बटेश्वर गाउँपालिकाले बजेट पारित गर्न सकेको छैन। गत १० असारमा चालु आर्थिक वर्षको बजेट प्रस्तुत गरे पनि जनप्रतिनिधिबीच बजेट बाँडफाँटमा सहमति जुट्न नसक्दा बजेट प्रक्रिया रोकिएको हो।

बजेट पारित हुन नसक्दा गाउँपालिकाको आर्थिक कारोबार ठप्प भएको छ भने दैनिक कामकाजसमेत प्रभावित भएका छन्। बिग्रिएको एम्बुलेन्स मर्मत गर्नसमेत समस्या भएको गाउँपालिकाले जनाएको छ।

बटेश्वरमा एक वडाध्यक्षबाहेक अध्यक्षदेखि वडासदस्यसम्म अधिकांश जनप्रतिनिधि नेपाली कांग्रेसबाट निर्वाचित छन्। निर्वाचित जनप्रतिनिधिको कार्यकाल अब केही महिना मात्रै बाँकी रहेकाले बढी बजेट आफ्नो क्षेत्रमा पार्ने होडले बजेट बाँडफाँटमा विवाद बढेको जनप्रतिनिधिहरू बताउँछन्।

विगतमा वडाध्यक्षहरूका लागि करिब एक करोड रुपैयाँसम्म बजेटको सीमा निर्धारण हुँदै आएको थियो। तर, यसपटक संघीय सरकारबाट समानीकरण अनुदानबापत नौ करोड रुपैयाँ मात्रै प्राप्त भएकाले बजेट बाँडफाँटमा समस्या भएको गाउँपालिका अध्यक्ष रामअशिष महतोले बताए।

अध्यक्ष महतोले सुरुमा प्रत्येक वडाका लागि ४० लाख रुपैयाँको बजेट सीमा तोकेका थिए। तर, वडाध्यक्षहरूले विगतकै जस्तो एक करोड रुपैयाँ माग गर्दै आएका थिए। लामो छलफलपछि अहिले प्रत्येक वडाका लागि ६५ लाख रुपैयाँ छुट्याउने सहमति भएको अध्यक्ष महतोले जानकारी दिए।

'बजेट पारित नहुनुको कारण वडाको सिलिङ नमिलेको हो। वडाले एक करोड मागिरहेका थिए। अहिले ६५ लाखमा कुरा मिलिसकेको छ,' अध्यक्ष महतोले भने, 'अब उपाध्यक्ष र कार्यपालिका सदस्यबीच बजेट सिलिङ मिलाउन बाँकी छ। त्यसपछि बजेट पारित हुन्छ।'

उनका अनुसार वडाका लागि ६० लाख रुपैयाँ पुँजीगत र पाँच लाख रुपैयाँ चालु खर्चबाट सञ्चालन खर्च व्यवस्थापन गर्ने सहमति भएको छ। नौ करोड रुपैयाँको समानीकरण अनुदानमध्ये करिब पाँच करोड रुपैयाँ क्रमागत योजना तथा दायित्वमा खर्च हुने भएकाले बाँकी करिब चार करोड रुपैयाँबाट सबै पक्षको बजेट सिलिङ मिलाउनुपर्ने अवस्था रहेको उनले बताए।

केही जनप्रतिनिधिले भने कर्मचारीले जनप्रतिनिधिबीचको विवाद बढाएर बजेट पारित गर्न ढिलाइ गरिरहेको आरोप लगाएका छन्। कार्यकाल सकिन लागेकाले विवाद लम्ब्याएर पछि कर्मचारीले आफूखुसी बजेट चलाउने अवस्था बनाउन खोजेको उनीहरूको दाबी छ।

तर, प्रमुख प्रशासकीय अधिकृत रेवतीप्रसाद पौडेलले कर्मचारीको त्यस्तो नियत नरहेको बताए।

'जनप्रतिनिधिबीचमै बजेट सिलिङको कुरा नमिलेका कारण बजेट पारित हुन नसकेको हो। कर्मचारीले खेलाएर समय बिताउने र आफूखुसी बजेट चलाउने कुनै नियत छैन,' उनले भने।

पौडेलका अनुसार समानीकरण अनुदान, ससर्त अनुदान तथा अन्य अनुदानसमेत जोड्दा गाउँपालिकाले करिब ४० करोड रुपैयाँको बजेट पारित गर्न सक्ने अवस्था छ।

# आजदेखि वीरगंजमा घरटहरा हटाइँदै

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक विस्तारको काम अन्तिम चरणमा पुगेको छ। सडक डिभिजन कार्यालयले बाँकी संरचना हटाएर आज सोमबारसम्ममा सडक विस्तारको काम सम्पन्न गर्ने तयारी गरेको छ। हेटौँडास्थित सडक डिभिजन कार्यालयका इन्जिनियर तथा वीरगंजका लागि तोकिएका प्रतिनिधि दुर्गाप्रसादले नेपाल टेलिकमको भवन र माइस्थान नजिकै सडक विस्तारका क्रममा उत्पन्न विवाद आइतबार समाधान गरी सोमबारसम्ममा काम सम्पन्न गर्ने लक्ष्य रहेको थियो। उनले सडक सीमाभित्र रहेका अधिकांश संरचना हटाइसकिएको र बाँकी संरचना हटाउने काम तीव्र गतिमा भइरहेको बताए। अहिले सिद्धार्थ बैंक, पमपम बिल्डिङ र हनुमान मन्दिर पछाडिका केही संरचना हटाउने काम भइरहेको उनले जानकारी दिए।

सडक सीमाभित्र परेका संरचना २५ दिनभित्र आफैँ हटाउन सम्बन्धित घरधनीलाई आग्रह गरिएको थियो। तोकिएको समयसीमाभित्र धेरै संरचना नहटाइएपछि सडक डिभिजन कार्यालयले गत असार २० गतेदेखि पुनः डोजर परिचालन गरी दोस्रो चरणको अभियान सुरु गरेको इन्जिनियर दुर्गाप्रसादले बताए।

# गुठीका पोखरी अतिक्रमण हटाउन थप १५ दिनको समय



**मधेशदृष्टि**
**जनकपुरधाम।**
गुठीका पोखरी तथा पोखरीका डिलमा निर्माण गरिएका अतिक्रमित संरचना हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई थप १५ दिनको समय दिइएको छ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलका विभिन्न प्रतिवेदनले औँल्याएका अतिक्रमित पोखरीलाई चरणबद्ध रूपमा अतिक्रमणमुक्त गर्ने अभियानअन्तर्गत थप समय दिइएको हो।

यसअघि भदौ १९ गते सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनधिकृत संरचना आफैँ हटाउन आग्रह गरिएको थियो। सोहीअनुसार भदौ २७ गतेदेखि संरचना हटाउने तयारी गरिएको थियो।

तर, अनुगमनका क्रममा कतिपय सम्बन्धित व्यक्तिले संरचना आफैँ हटाउन सुरु गरेको र थप समय माग गरेपछि कार्यान्वयन समितिले १५ दिनको अतिरिक्त समय दिएको हो।

गुठी संस्थानका प्रवक्ता जनक पोखरेलका अनुसार रेखाङ्कन तथा नक्साङ्कनका आधारमा पोखरी र पोखरीका डिलमा रहेका संरचनाको अनुगमन गर्दा कतिपय संरचना आधा भागसम्म हटाउनुपर्ने अवस्था देखिएको थियो।

तत्काल डोजर लगाएर संरचना हटाउँदा थप क्षति हुनसक्ने भएकाले सम्बन्धित व्यक्तिलाई आफैँ संरचना हटाउन समय दिइएको उनले बताए।

थप समय दिइएका पोखरीमा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गोन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जीरो माइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्ड रहेका छन्।

तोकिएको थप अवधिभित्र पनि अतिक्रमित संरचना पूर्णरूपमा नहटाए कार्यान्वयन समितिले आफैँ संरचना हटाउने जनाएको छ। गुठी संस्थानले यसअघि पनि नक्साङ्कनका आधारमा केही अतिक्रमित संरचना हटाइसकेको जनाएको छ।

# कृष्णभीरमा खोलिएको ट्र्याकमा ग्राभेल गर्न थालियो




**चितवन।**
पृथ्वी राजमार्गको कृष्णभीरमा बनाइएको ट्र्याकमा आइतबारदेखि ग्राभेल गर्न थालिएको छ। सडकमा फराकिलो पार्ने, सतह मिलाउने कामसँगै ग्राभेल गर्न सुरु गरिएको हो। भदौ १४ गते त्रिशूली नदीको बाढीले सडकको फेदमा कटान गरेर भासिएपछि सँगैको पहाड खोलेर ट्र्याक निर्माण भइरहेको छ। दुवैपट्टीबाट तीव्र गतिमा काम भइरहेको छ। नौबिसे–मुग्लिन सडक आयोजना पश्चिम खण्डका इन्जिनियर धीरज ढकालका अनुसार ग्राभेल बिछ्याउने काम भइरहेको छ। केही दिनभित्रै काम सम्पन्न गर्नेगरी ठूलो संख्यामा उपकरण र जनशक्ति परिचालन गरिएको इन्जिनियर ढकालले जानकारी दिए। यो राजधानी काठमाडौँ जोड्ने मुख्य राजमार्ग हो। यो सडक हुँदै दैनिक १४ हजार बढी सवारीसाधन आवतजावत गर्ने गर्दछन्। अहिले सडक रोकिँदा मुख्य रुपमा ग्याससहित खाद्यान्नको अभाव राजधानीले बेहोर्नु परेको छ।

यता, धादिङको बेनीघाट रोराङ गाउँपालिका–७ स्थित कृष्णभीर क्षेत्रमा सडक निर्माण कार्यका कारण भदौ २९ र ३० गते नागढुङ्गा–मुग्लिङ सडकको पश्चिम खण्ड पूर्ण रूपमा बन्द हुने सूचना जारी भएको छ। नागढुङ्गा–मुग्लिङ सडक पश्चिम खण्डका साइट संयोजक ईश्वर नेपालका अनुसार भदौ ३१ गतेदेखि मात्र सडक सञ्चालनमा आउनेछ।

सम्पादकीय

# बालबालिका हराउने क्रम र सुरक्षाको प्रश्न

बारामा एकै घरका तीन बालबालिका हराएका छन् । यो पहिलो र नयाँ घटना होइन । तर यसरी बरोबर बालबालिका हराउने क्रम किन बढिरहेको छ र अभिभावकले बालबालिकाको चासो नै नलिएको हो कि भन्ने प्रश्न ठूलो बनेको छ । अर्कातिर बालबालिकाको सुरक्षाका लागि छुट्टै प्रहरी फौज सञ्चालन गर्न पनि सकिन्न । स्थानीय टोल विकास संस्थाहरुले अब छोराछोरीको सुरक्षाबारे काम गर्नु पर्ने अवस्था पो सिर्जना भएको हो कि भन्ने विषय चैँ बहसमा आएको छ ।

जितपुरसिमरा उपमहानगरपालिका–५ बकुलिया टोलबाट एउटै परिवारका तीन बालबालिका एकैपटक हराए । बारामा बालबालिका हराउने, हत्या, बलात्कारको सिकार हुने विषयले बारा निकै बदनाम छ । अर्कातिर देशैभर बारामा भएको गरिमा चाधरी हत्या प्रकरणमा आवाज उठेको छ । तर बारामा चैँ बालबालिका फेरि पनि अपराधीले सजिलै गायव पार्न सकिरहेका छन् । अर्थात अपराधीलाई राज्यको डर नभएको पो हो कि ?

भारत घर बकुलिया टोलमा बस्दै आएका मुकेश पासवानले ५ वर्षीय छोरा धिरज, ७ वर्षीया छोरी सुन्दरी र १० वर्षीया छोरी काजल पासवान खोजीका लागि संसार गुहारेका छन् । जिल्ला प्रहरी कार्यालय बाराको शक्ति पनि यसमा परिचालन भएको छ । शनिबार बिहान ५ बजेदेखि बालबालिका एकसाथ सम्पर्कविहीन भएपछि आमाबुबाको मन कति भक्कानिन्छ ? सहजै अनुमान गर्न सकिन्छ ।

प्रहरी तीन बालबालिकाको हुलिया लिएर अहिले खोजीमा जुटेको छ । प्रश्न हो, यसरी एकसाथ बालबालिका सजिलै हराउने अवस्था कसरी बन्यो ?

कसरी गाउँटोलबाट बालबालिका सजिलै लैजान सक्ने वातावरण बनिरहेको छ अपराधीहरुलाई ? के अब टोलटोलमा नयाँ अनुहार आउनेबित्तिकै प्रहरीमा खबर गर्नु पर्ने हो ? शंका गर्नु पर्ने हो ? सोधपुछ भन्दै प्रहरी कार्यालय पठाउनु पर्ने हो ? सम्भव छ ?

स्थानीयले पनि यस्तो अपराध बढेकामा चिन्ता गरौँ । समयमा आफ्ना टोलछिमेकमा शंकास्पद अनुहारबारे खबरदारी गरौँ । साना बालबालिकाको सुरक्षा कसरी गर्ने भनेर प्रहरीसँग सहकार्यमा अभियान नै चलाउनु पर्ने देखिएको छ । यो गम्भीर विषय हो ।

# समस्यामा मात्रै सम्झिने कान्ति लोकपथ

–सजना तिमल्सिना / रासस



देशको राजधानी काठमाडौँ उपत्यका प्रवेश गर्ने प्रमुख सडक पृथ्वी राजमार्ग अवरुद्ध भएपछि मालवाहक सवारीसाधन (ट्रक र कन्टेनर) को चाप यतिबेला कान्ति लोकपथमा छ । हेटौँडाबाट मालवाहक र यात्रुवाहक सवारीसाधन त्रिभुवन राजपथ हुँदै काठमाडौँ भित्रिने र काठमाडौँबाट खाली सवारीसाधन कान्ति लोकपथ हुँदै हेटौँडा पुग्ने व्यवस्था गरिएको छ ।

धादिङको बेनीघाट रोराङ गाउँपालिका–७ कृष्णभीरमा भदौ १४ गते त्रिशूली नदीमा आएको बाढीले सडक कटान गरेपछि पृथ्वी राजमार्गको काठमाडौँ–मुग्लिन सडक पूर्णरुपमा अवरुद्ध छ । वैकल्पिक 'ट्र्याक' खुले पनि सञ्चालन र यातायात सहज बन्न अझै समय लाग्ने देखिन्छ । यो सङ्कटको सारथि कान्ति लोकपथ बनेको छ ।

ललितपुर र मकवानपुरलाई जोड्ने यो सडकको प्रस्थान विन्दु ललितपुरको गोदावरी नगरपालिका–६ टीकाभैरव हो । टीकाभैरव पुग्न चक्रपथ ललितपुर खण्डको चापागाउँ दोबाटो र एकान्तकुनाबाट नक्खु करिडोर हुँदै दुईवटा सडक प्रयोग गर्न सकिन्छ । अहिले उपत्यकाबाट बाहिरिने सवारीसाधन एकान्तकुना हुँदै टीकाभैरव पुगेर कान्ति लोकपथबाट हेटौँडा जाने गरेका छन् ।

ललितपुर जिल्ला गोदावरी नगरपालिका–६ टीकाभैरवदेखि मकवानपुरको भीमफेदी गाउँपालिकासम्म पुग्न विभिन्न ठाउँमा पहिरोको अवरोध सामना गर्नुपर्छ । कान्ति लोकपथ योजनाका सुपरभाइजर माधवप्रसाद घिमिरेका अनुसार गोदावरी गाउँपालिकाको बिर्खेधारासँगै बागमती गाउँपालिकाका विभिन्न ठाउँमा पहिरोले सडक अवरुद्ध हुँदै आएको छ । भालुखोला, कार्कीबास, काल्चे, भन्सेखोलाको पहिरो र एकतर्फी ट्र्याकका कारण सवारी आवागमनमा समस्या छ । सुपरभाइजर घिमिरे भन्नुहुन्छ, 'बागमती गाउँपालिका–३ का भालुखोला, कार्कीबास, छपेली नजिकैको काल्चे पहिरो, टाकुर्से र पाङ्दुर यो सडकका प्रमुख अवरोध हुन् । भान्से खोलामा एकतर्फी ट्र्याक भएकाले ठूला सवारीसाधन केही समय लाइनमा बस्नुपर्ने बाध्यता छ ।'

बागमती गाउँपालिकाकै पाङदुरमा ८०० मिटर पार गर्न २५ मिनेटदेखि आधा घण्टा समय लाग्छ । 'अहिले यस राजमार्गमा १२, १४ र १६ चक्के गाडी दैनिक दुई हजार ५०० देखि तीन हजार गुड्छन् । त्यसले रातभर पुरेको सडक दिनभरमा फेरि भत्किसकेको हुन्छ,' लोकपथको समस्या सुनाउँदै सुपरभाइजर घिमिरे भन्नुहुन्छ । बागमती गाउँपालिकाको तामाखानीमा चट्टान काट्न नसक्दा ६५ मिटर बाटोमा ठूलो समस्या छ । चट्टानको कटानको काम जारी रहेकाले यहाँ सवारीसाधनले थोरै बाटो पार गर्न धेरै समय कुर्नुपर्ने बाध्यता रहेको घिमिरेको भनाइ छ ।

साँघुरो र निर्माणाधीन सडक भएकाले ठूला बस सञ्चालनमा समस्या भएको उहाँ बताउनुहुन्छ । 'ट्रक र मालवाहक सवारीसाधन केही समय जाममा परे पनि समस्या छैन तर ठूला रात्रि बस ठोक्किने समस्या धेरै छ । नियमित पहिरो जाने क्षेत्रबाहेक बाटो राम्रो भए पनि एकतर्फी सडक भएकाले जाममा बस्नुपर्छ । रात्रि बसका कारण मालवाहक सवारी साधन समस्यामा पर्ने गरेका छन,' सुपरभाइजर घिमिरे भन्नुहुन्छ ।

सरकारले पृथ्वी राजमार्ग अवरुद्ध भएर काठमाडौँ उपत्यकालाई समस्या पर्दा मात्र कान्ति लोकपथलाई सम्झिने भएकाले यो सडकमा सधैँ समस्या भएको सुपरभाइजर घिमिरेको अनुभव छ । 'यो सडक योजनामा सुपरभाइजर भएर काम गरेको ११ वर्ष भयो । सरकारले आपत् वा सङ्कटमा मात्र यो सडक सम्झिन्छ । पछिल्लो समय यो सडक योजनाका लागि एकमुष्ट रु तीन अर्ब रकम आएको छ । योजनाअनुसार काम ७० प्रतिशत सकिएको छ तर पछिल्लो समय गाडीको चाप बढेर काम गर्न समस्या छ,' सुपरभाइजर घिमिरे भन्नुहुन्छ ।

**चौबिस घण्टा ट्राफिक व्यवस्थापन, व्यापारमा मन्दी**

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार लोकपथमा अवरोध भए तत्काल पन्छाउन २४ घण्टा हेभिइक्युपमेन्ट राखिएको छ । भट्टेडाँडा र टीकाभैरवमा हेभिइक्युपमेन्ट राखिएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो । सवारी चाप बढेसँगै टाखेल, ट्याक्सी पार्क, ढोलाहिटी, टीकाभैरव फूलबारी, टीकाभैरव बजार, तीनपाने र भट्टेडाँडामा ट्राफिक प्रहरी परिचालन गरिएको उहाँको भनाइ छ ।

'भदौ १० गते भोटेकोशीमा बाढी आउनुअघि दैनिक एक सयको हाराहारीमा सवारीसाधन गुड्ने यो सडकमा बाढीपछि सवारी चाप ह्वात्तै बढेको छ । एक दिनमै एक हजारदेखि एक हजार ५०० सम्म सवारी साधन गुडेको तथ्याङ्क छ,' प्रवक्ता सुवेदी भन्नुहुन्छ । मालवाहक सवारीसाधन गुड्न थालेपछि यो सडकको व्यापारमा कमी आएको व्यापारीहरु बताउँछन् । कान्ति लोकपथअन्तर्गत छपेलीमा होटल व्यवसाय गर्ने प्रमिला दाहाल भन्नुहुन्छ, 'अहिले यो बाटोमा सबै खाली गाडी गुड्छन् । ठूलाठूला गाडी त गुडेका छन् तर व्यापार छैन । एकछिन गाडी रोक्दा जाम हुन्छ । एउटा गाडीमा चालक मात्र हुन्छ । के व्यापार हुनु !' यात्रुसहितका साना सवारीसाधन कान्ति लोकपथ हुँदै गुड्दा दैनिक २०० जनालाई खाना खुवाउने उहाँ अहिले पाँच÷दश जनाले मात्र खाना खाने गरेको सुनाउनुहुन्छ ।

ललितपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य बुद्धरत्न महर्जन सरकारले केही दिनअघि कान्ति लोकपथलाई प्राथमिकता नदिएको भन्दै आपत्ति जनाउनुभएको थियो । उहाँले सङ्कट पर्दा मात्र नभएर राज्यले यस्ता राजमार्गलाई सक्षम र उपयोगी बनाउनुपर्नेमा जोड दिनुभयो । प्रतिनिधि सभाको बैठकको शून्य समयमा धारणा राख्दै सांसद महर्जनले भन्नुभयो, 'राष्ट्रिय राजमार्गका रुपमा रहेको यस सडकलाई राज्यले सामान्य अवस्थामा पर्याप्त प्राथमिकता दिएको देखिँदैन तर जब विपत्ति आउँछ र मुख्य सडक अवरुद्ध हुन्छ तब त्यही सडकलाई वैकल्पिक सडकका रुपमा खोल्नुपर्ने अवस्था आउँछ । सङ्कट पर्दा मात्र सम्झिने होइन, सङ्कट आउनु अगाडि नै यस्ता मार्गलाई सक्षम र सुरक्षित बनाउनु राज्यको दायित्व हो ।'

**सत्तरी वर्षे इतिहास बोकेको राजमार्ग**

ललितपुर र मकवानपुरलाई जोड्ने ऐतिहासिक कान्ति लोकपथ काठमाडौँ उपत्यका जोडिने सात दशक पुरानो सडक मार्ग हो । विसं २०१३ देखि निर्माण थालिएको यो सडक २०१४ माघ ९ गते तत्कालीन राजा महेन्द्रले उद्घाटन गर्नुभएको थियो । ट्र्याक खुलेपछि २०१६ सालमा तत्कालीन राजा महेन्द्र आफैँ यो मार्ग भएर गाडी चलाउँदै हेटौँडा पुग्नुभएको थियो । सोही वर्ष आएको पहिरोपछि यो सडक खण्ड करिब ४० वर्षसम्म पूर्ण रूपमा ठप्प बन्यो ।

विसं २०५५ मा कोरिया सरकारले अनुदानमा कान्ति लोकपथको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने प्रस्ताव अघि बढाएपछि २०५६ देखि डिपिआर डिजाइनको काम सुरु भएपछि यो सडकलाई सङ्कटको समयमा सम्झिने गरिएको छ । काठमाडौँलाई हेटौँडासँग जोड्ने वैकल्पिक राजमार्गका रूपमा २०६६ सालदेखि 'कान्ति लोकपथ आयोजना'मार्फत पुनःनिर्माण विस्तार तथा स्तरोन्नति भएपछि यो सडक सञ्चालनमा आएको हो । सञ्चालनपछि विभिन्न ठाउँमा पहिरोले अवरोध गर्दा विभिन्न आर्थिक वर्षमा सडक विस्तारका लागि निरन्तर बजेट विनियोजन भएको छ ।

कान्ति लोकपथको ५१ किलोमिटर मकवानपुर र ३८ किलोमिटर भाग ललितपुर जिल्लामा पर्छ । ८९ किलोमिटर सडकको अधिकांश भाग कालोपत्र भए पनि पहिरो र पहाड कटानको काम भइरहेका विभिन्न ठाउँ गरेर करिब चार किलोमिटर सडक कच्ची छ । २०८१ सालको बाढीले बागमती खोलाको पुल बगाएपछि बेलिब्रिज जडान गरिएको छ । त्यसको भारवहन क्षमता र सुरक्षाको दृष्टिगत गर्दै मालवाहक खाली गाडीलाई मात्र यो सडकमा सञ्चालनका लागि अनुमति दिइएको छ ।

# सिंहदरबारबाट कक्षाकोठासम्मः समयसापेक्ष शिक्षा नीति आवश्यक

–सिबी अधिकारी/रासस

नेपाल सरकारले 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप–२०७६' परिमार्जनका लागि अहिले देशभरबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिरहेको छ । पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी र विद्यार्थीमैत्री बनाउने उद्देश्यले सुरु गरिएको यो प्रक्रिया केवल औपचारिक सुझाव सङ्कलनमा सीमित नरहेर विद्यालय तहको वास्तविक अवस्था बुझ्ने प्रयासका रूपमा अघि बढेको छ ।

पाठ्यक्रम विकास केन्द्रअन्तर्गत गठित राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, शिक्षाविद्, नीतिनिर्माता, स्थानीय तह तथा अन्य सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहेको छ । कार्यदलको सात वटा टोलीले भदौ ३० गतेसम्म स्थलगत क्षेत्रमा खटिएर सुझाव सङ्कलन गर्ने र त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइ तथा केन्द्रको वेबसाइटमार्फत पनि आवश्यक रायसुझाव लिने तयारी गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८औँ बैठकको निर्णयअनुसार गत वैशाखमा प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदल गठन गरिएको थियो । कार्यदलअन्तर्गत १२ वटा विषयगत समूह छन् । यसले अहिले भइरहेको प्रक्रिया आकस्मिक राजनीतिक कार्यक्रमभन्दा संस्थागत प्रक्रियाका रूपमा अगाडि बढाएको छ ।

यस अभियानमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल आफैँ विभिन्न जिल्लामा पुगेर सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहनुभएको छ । मधेश प्रदेशका धनुषा, महोत्तरी, सिराहा, सप्तरीलगायत जिल्लामा पुगेर उहाँले शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीय सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरी समस्या बुझ्ने र सुझाव सङ्कलन गरिरहनुभएको छ ।

तर पाठ्यक्रम परिमार्जनको प्रश्न पाठ्यपुस्तकमा कुन विषय थप्ने वा हटाउने भन्नेमा मात्र सीमित छैन । आजको शिक्षा प्रणालीले शिक्षण विधि कस्तो बनाउने, विद्यार्थीलाई कसरी सक्रिय सिकाइमा जोड्ने, शिक्षकका समस्या कसरी समाधान गर्ने र विद्यालय शिक्षालाई प्रविधि तथा रोजगारीको बदलिँदो संसारसँग कसरी जोड्ने भन्ने प्रश्नको समेत जवाफ खोज्नुपर्छ ।

कृत्रिम बुद्धिमत्ता (एआई)को तीव्र विकासले शिक्षाको परम्परागत ढाँचामाथि नै प्रश्न सिर्जना गरेको छ । विद्यार्थीले अब पाठ्यपुस्तकबाट सूचना मात्र प्राप्त गर्नुका साथै सूचना पहिचान गर्ने, विश्लेषण गर्ने, सिर्जनात्मक रूपमा प्रयोग गर्ने र प्रविधिको जिम्मेवार उपयोग गर्ने सीप पनि सिक्नुपर्ने आवश्यकता छ । उद्यमशीलता, व्यावसायिक सीप र रोजगार बजारको बदलिँदो स्वरूपसँग विद्यालय शिक्षालाई जोड्नु पनि चुनौती बनेको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लाुइँटेलले बताउनुभयो । उहाँका अनुसार यी प्रश्नको जवाफ काठमाडौँका बैठक र प्रतिवेदनले मात्र दिन सक्दैनन् । त्यसका लागि कक्षाकोठामै पुग्नुपर्छ ।

**सिराहाको घटनाले उठाएको प्रश्न**

पाठ्यक्रम परिमार्जनका लागि भइरहेको प्रत्यक्ष संवादका क्रममा सिराहाको औरही गाउँपालिकामा भएको एउटा घटनाले भने केही समय मूल विषयलाई ओझेलमा पारिदिएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले बताउनुभयो ।

'सुझाव सङ्कलनका क्रममा विभिन्न सरोकारवालाले आफ्ना धारणा राखेपछि मन्त्रीले सम्बोधन सुरु गर्नुभएको थियो । त्यस क्रममा आफूहरूले पनि बोल्न पाउनुपर्ने मागसहित केहीबेर होहल्ला भएको दृश्य सार्वजनिक भयो । त्यसपछि मन्त्री कार्यक्रमबाट बाहिरिनुभएको सामाजिक सञ्जाल र सञ्चारमाध्यममा चर्चाको विषय बन्यो,' उहाँले भन्नुभयो । कतिपयले घटनामा मन्त्रीलाई कार्यक्रमबाट 'लखेटिएको' अर्थमा प्रस्तुत गरे पनि वास्तविकता त्यस्तो नभएको उहाँको भनाइ छ ।

मन्त्री पोखरेलले भने सामाजिक सञ्जालमार्फत घटनाको वास्तविकता फरक रहेको स्पष्ट पार्नुभयो । उहाँका अनुसार कार्यक्रमको निर्धारित छलफल पूरा भएपछि टोली अर्को कार्यक्रममा अघि बढेको थियो । त्यसपछि सोही जिल्लामा फरक क्षमता भएका विद्यार्थी अध्ययन गर्ने आवासीय विद्यालय तथा मदरसामा पुगेर त्यहाँका समस्या र सुझाव सङ्कलन गरिएको उहाँको भनाइ छ ।

यो घटनाले भने शिक्षा सुधारका कार्यक्रममा संवादको संस्कृतिबारे एउटा महत्वपूर्ण प्रश्न उठाएको छ । लोकतन्त्रमा मन्त्रीसँग प्रश्न गर्न पाइन्छ । सरकारका नीतिमाथि असहमति जनाउन पाइन्छ । आफ्ना समस्या र धारणा राख्न माग गर्न पनि पाइन्छ । तर अधिकारसँगै संवादको मर्यादा कायम गर्ने दायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुने प्रमुख सल्लाहकार झाले बताउनुभयो ।

शिक्षा सुधारजस्तो विषयमा त बहस झन् आवश्यक हुन्छ । पाठ्यक्रमको भार घटाउने कि नघटाउने ?, परीक्षा प्रणाली परिवर्तन गर्ने कि नगर्ने ?, प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय तहदेखि कसरी जोड्ने ?, एआईलाई शिक्षामा अवसरका रूपमा कसरी प्रयोग गर्ने ?, शिक्षकको क्षमता कसरी बढाउने ?, ग्रामीण र सहरी विद्यालयबीचको गुणस्तरीय खाँडल कसरी कम गर्ने ? लगायत प्रश्नमा फरक मत आउनु स्वाभाविक रहेको प्राडा लुइँटेलले धारणा राख्नुभयो ।

**मधेशका विद्यालय शिक्षामा आफ्नै चुनौती**

नेपालको विद्यालय शिक्षाको चुनौती सबै ठाउँमा समान नभएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले बताउनुभयो । हिमाली जिल्लाको विद्यालयले भोग्ने समस्या र मधेशको विद्यालयको समस्या फरक हुनसक्छ । सहरी क्षेत्रका विद्यार्थीले पाउने प्रविधिको पहुँच र दुर्गम क्षेत्रका विद्यार्थीको अवस्था एउटै छैन ।

मधेश प्रदेशमा विद्यालय शिक्षाको गुणस्तर, विद्यार्थीको पहुँच, विद्यालय छाड्ने समस्या, पूर्वाधार, शिक्षक व्यवस्थापन तथा प्राविधिक शिक्षाको पहुँचजस्ता विषयमा विशेष ध्यान आवश्यक छ । त्यसैले त्यहाँ भइरहेको प्रत्यक्ष संवादको महत्व अझ बढी देखिएको उहाँले बताउनुभयो ।

मन्त्री पोखरेलले मधेश प्रदेशमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको नयाँ क्याम्पस स्थापना गर्ने पहल अघि बढाइएको बताउनुभयो । मधेशका विद्यार्थीलाई इन्जिनियरिङ अध्ययनका लागि काठमाडौँ वा अन्य प्रदेशमा जानुपर्ने बाध्यता कम गर्ने उद्देश्यले उपयुक्त स्थान छनोटका लागि अध्ययन समिति गठन गर्ने र आगामी तीन वर्षभित्र पठनपाठन सुरु गर्ने तयारी भइरहेको उहाँको भनाइ छ ।

यस्तो पहल कार्यान्वयन भयो भने त्यसको महत्व एउटा नयाँ क्याम्पस थपिनुमा मात्र सीमित हुनेछैन । यसले उच्च शिक्षाको भौगोलिक पहुँच विस्तार गर्नुका साथै प्राविधिक जनशक्ति उत्पादन, स्थानीय अनुसन्धान र नवप्रवर्तनको वातावरण निर्माणमा योगदान पुर्‍याउन सक्छ ।

**नीति सिंहदरबारमा, प्रभाव कक्षाकोठामा**

नेपालको शिक्षा नीति निर्माणमा लामो समयदेखि एउटा समस्या देखिँदै आएको छ । नीति निर्माणको केन्द्र र कार्यान्वयनको क्षेत्रबीचको दूरी रहनु मुख्य चुनौतीका रूपमा देखिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लाुइँटेलले बताउनुभयो । सिंहदरबारमा नीति बन्यो, निर्देशिका बन्यो र कार्यान्वयनका लागि स्थानीय तह तथा विद्यालयमा पठाइयो। तर त्यो नीति कार्यान्वयन गर्ने शिक्षक, विद्यालय र विद्यार्थीले के भोगिरहेका छन् भन्ने कुरा नीति निर्माणको तहमा पर्याप्त रूपमा पुग्न सकेन भन्ने गुनासो बारम्बार सुनिँदै आएको छ ।

**विद्यालय शिक्षा कागजमा मात्र चल्ने विषय होइन**

काठमाडौँको एउटा बैठकमा बनाइएको पाठ्यक्रम सिराहाको एउटा विद्यालयमा पुग्दा त्यसको अर्थ बदलिने प्राडा लुइँटेलको भनाइ छ । 'एउटै देशभित्र भाषा, भूगोल, आर्थिक अवस्था, सामाजिक संरचना र अवसरमा ठूलो विविधता छ । त्यसैले, राष्ट्रिय पाठ्यक्रममा राष्ट्रिय चरित्र कायम राख्दै स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने पर्याप्त लचकता आवश्यक छ,' उहाँले भन्नुभयो ।

यस अर्थमा स्थलगत क्षेत्रमा पुगेर सुझाव सङ्कलन गर्ने अहिलेको अभ्यास सकारात्मक सुरुवातका रूपमा रहेको संयोजक लुइँटेलले बताउनुभयो । तर यसको वास्तविक परीक्षा सुझाव सङ्कलनमा होइन, सङ्कलित सुझावमध्ये कति कुरा अन्तिम पाठ्यक्रममा समेटिन्छन् भन्नेमा हुने उहाँको भनाइ छ ।

'मन्त्री वा मन्त्रालयले कति जिल्ला भ्रमण गर्यो भन्नेभन्दा महत्वपूर्ण विषय ती भ्रमणबाट के सिकियो भन्ने हो । कति सुझाव सङ्कलन भयो भन्नेभन्दा महत्वपूर्ण कुरा ती सुझावले नीतिमा कस्तो परिवर्तन ल्याए भन्ने हो,' उहाँले भन्नुभयो ।

**परिणामले देखाउनेछ सुधारको दिशा**

शिक्षा सुधार भाषणबाट होइन, परिणामबाट प्रमाणित हुनुपर्ने प्राडा लुइँटेलले जोड दिनुभयो । विद्यार्थीले विद्यालयमा सिकाइप्रति रुचि देखाउन थाले कि थालेनन् ?, शिक्षकलाई पढाउन सहज भयो कि भएन ?, अभिभावकले आफ्ना बालबालिकाको शिक्षामा परिवर्तन महसुस गरे कि गरेनन् ?, विद्यालयबाट निस्किएको विद्यार्थीले सिकेको ज्ञान र सीपलाई जीवन तथा रोजगारीमा प्रयोग गर्न सक्यो कि सकेन ? लगायत विषय महत्त्वपूर्ण हुने उहाँको भनाइ छ ।

अन्ततः सरकार र शिक्षा मन्त्रालयको मूल्याङ्कन यिनै प्रश्नबाट हुनेछ । त्यसैले सिराहाको एउटा कार्यक्रमको घटनालाई राजनीतिक आरोप–प्रत्यारोपको विषय बनाइरहनुभन्दा त्यसले उठाएको ठूलो प्रश्नतर्फ फर्किन आवश्यक छ । नेपालको शिक्षा नीति साँच्चिकै विद्यालय र विद्यार्थीको आवाज सुनेर बन्ने हो कि फेरि पनि सिंहदरबारमै बसेर तयार हुने हो ? भन्ने विषय महत्त्वूर्ण रहन्छ ।

अहिले सुरु भएको सुझाव तथा पृष्ठपोषण सङ्कलनले पहिलो बाटो रोज्ने अवसर दिएको छ । तर यो अवसरलाई परिणाममा बदल्न सरकारको प्रतिबद्धता मात्र पर्याप्त हुँदैन । शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय सरकार, शिक्षाविद् र राजनीतिक दल सबैको रचनात्मक सहभागिता आवश्यक हुन्छ ।

शिक्षामा परिवर्तन एक दिनमा आउँदैन । एउटा मन्त्रीको कार्यकालले मात्र पनि त्यसलाई पूरा गर्न सक्दैन । तर सही दिशामा सुरु गरिएको एउटा प्रक्रिया भने पुस्तौँसम्म प्रभाव पार्न सक्छ । त्यसैले अहिलेको बहस कुनै व्यक्ति विशेषको पक्ष वा विपक्षमा होइन, हाम्रा विद्यालय कस्ता हुने, हाम्रा विद्यार्थीले के सिक्ने र आगामी पुस्तालाई कस्तो शिक्षा दिने भन्ने विषयमा केन्द्रित हुनुपर्छ ।

# एसियन गेम्सका लागि नेपाली क्रिकेट टोली घोषणा, वीरगंजका आरिफ–आसिफ दाजुभाइ पनि टोलीमा



**मधेशदृष्टि**
**वीरगंज।**
आगामी सेप्टेम्बरमा जापानमा आयोजना हुने एसियन गेम्सका लागि नेपाली क्रिकेट टोली घोषणा गरिएको छ । नेपाल ओलम्पिक कमिटीले आइतबार दीपेन्द्रसिंह ऐरीको कप्तानीमा १५ सदस्यीय नेपाली टोली सार्वजनिक गरेको हो । जापान जाने नेपाली टोलीमा वीरगंजका सहोदर दाजुभाइ आरिफ शेख र आसिफ शेखले पनि स्थान बनाएका छन्।

एउटै परिवारका दुई क्रिकेटरले एसियन गेम्सजस्तो अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि एकैपटक नेपाली टोलीमा स्थान बनाएपछि वीरगञ्जको क्रिकेट क्षेत्रमा समेत उत्साह थपिएको छ।

दीपेन्द्रसिंह ऐरीको कप्तानीमा घोषणा गरिएको टोलीमा रोहितकुमार पौडेल, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, कुशल भुर्तेल, ललित राजवंशी, गुल्सनकुमार झा, नन्दन यादव, लोकेश बम, सन्दीप जोरा, शेर मल्ल, कुशल मल्ल तथा आरिफ र आसिफ शेख रहेका छन्।

नेपालले एसियन गेम्सअन्तर्गत क्रिकेटमा अफगानिस्तान र आयोजक जापानसँग प्रतिस्पर्धा गर्नेछ । बलियो अन्तर्राष्ट्रिय टोलीबीच हुने प्रतिस्पर्धाका लागि नेपाली टोलीले समेत अनुभवी तथा युवा खेलाडीको संयोजन पाएको छ।

विशेषगरी वीरगञ्जका आरिफ र आसिफ शेख दाजुभाइको छनोटले नेपाली क्रिकेटमा वीरगञ्जको योगदानलाई पुनः अन्तर्राष्ट्रिय मञ्चमा जोडेको छ । दुवै खेलाडीले यसअघि पनि नेपाली राष्ट्रिय क्रिकेट टोलीबाट विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिनिधित्व गरिसकेका छन् । एसियन गेम्समा नेपाली टोलीको प्रदर्शनसँगै आरिफ–आसिफ दाजुभाइको सहभागितालाई वीरगञ्जका क्रिकेटप्रेमीहरूले समेत चासोका साथ हेर्ने भएका छन्।

## नेपाल–भारत व्यापार सहज बनाउन

# भारतीय राजदूत रक्सौल आईसीपीमा, प्रक्रियागत अवरोध हटाउन जोड




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल–भारतबीचको सीमापार व्यापारलाई थप सहज, व्यवस्थित र प्रभावकारी बनाउने विषयलाई प्राथमिकतामा राख्दै नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतको रक्सौलस्थित एकीकृत जाँच चौकी (आईसीपी) को निरीक्षण गरेका छन् । निरीक्षणका क्रममा उनले सीमामा व्यापारिक गतिविधि सञ्चालन गर्ने विभिन्न निकायबीच प्रभावकारी समन्वय र प्रक्रियागत सुधारको आवश्यकता औँल्याएका छन् ।

आईसीपी निरीक्षणपछि सभागारमा सीमा व्यवस्थापन तथा व्यापारसँग प्रत्यक्ष जोडिएका भारतीय र नेपाली सरकारी निकायका अधिकारी तथा सरोकारवालाबीच उच्चस्तरीय समीक्षा बैठक आयोजना गरिएको थियो । बैठकमा सीमा शुल्कका सहायक आयुक्त प्रदीप कुमारसहित सीमा शुल्क विभागका अधिकारी, भारतीय भू–सीमा प्राधिकरण, सशस्त्र सीमा बल (एसएसबी), प्लान्ट क्वारेन्टाइन, भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरण लगायतका प्रतिनिधि सहभागी थिए । नेपालतर्फको एकीकृत जाँच चौकीका वरिष्ठ अधिकारी तथा सम्बन्धित निकायका प्रतिनिधिको पनि बैठकमा सहभागिता रहेको थियो।

बैठकमा सम्बोधन गर्दै राजदूत श्रीवास्तवले भारत र नेपालबीच लामो समयदेखि कायम रहेको ऐतिहासिक तथा मैत्रीपूर्ण सम्बन्धलाई व्यापारिक सहकार्यले थप बलियो बनाउँदै आएको उल्लेख गरे। उनले दुई देशबीचको व्यापारलाई अझ गतिशील बनाउन सीमामा देखिने प्रक्रियागत जटिलता र अवरोध हटाउन निरन्तर पहल आवश्यक रहेको बताए।

सीमा क्षेत्रमा व्यापारिक प्रक्रिया सरल बनाउने, ढुवानी तथा लजिस्टिक्समा देखिने अवरोध न्यूनीकरण गर्ने र सम्बन्धित सरकारी निकायबीच समन्वयलाई प्रभावकारी बनाउने विषयमा उनले विशेष जोड दिए। सीमा शुल्क र लजिस्टिक्ससँग सम्बन्धित विभिन्न प्राविधिक तथा प्रशासनिक विषयमा समेत बैठकमा विस्तृत छलफल भएको थियो।

राजदूत श्रीवास्तवले सीमामा खटिएका सुरक्षा तथा नियमनकारी निकायले आपसी समन्वयलाई अझ बलियो बनाउनुपर्ने बताए । उनले सबै निकायले छुट्टाछुट्टै रूपमा नभई एउटै टिमको भावनाका साथ काम गर्नुपर्नेमा जोड दिँदै व्यापारिक प्रयोजनका सवारीसाधन तथा सर्वसाधारणको आवागमनलाई सकेसम्म सहज र अवरोधरहित बनाउन अधिकारीहरूलाई आग्रह गरे। भारतको रक्सौल र नेपालको वीरगंज जोड्ने नाका दुई देशबीचको प्रमुख व्यापारिक मार्गका रूपमा रहेको छ । ठूलो परिमाणमा वस्तु आयात–निर्यात हुने यो नाकामा कार्यरत विभिन्न निकायबीचको समन्वय र प्रक्रियागत सुधारले सीमापार व्यापारको गति, लागत र समग्र दक्षतामा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । यसै कारण राजदूत श्रीवास्तवको रक्सौल आईसीपी निरीक्षणलाई सीमापार व्यापार, लजिस्टिक्स र सीमा पूर्वाधारलाई थप प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण पहलका रूपमा हेरिएको छ । निरीक्षण तथा समीक्षा बैठकमार्फत भारत र नेपालबीचको व्यापारिक आवागमनलाई थप छिटो, व्यवस्थित र सहज बनाउने तथा सीमा व्यवस्थापनमा संलग्न निकायबीच समन्वय सुदृढ गर्ने विषयलाई प्राथमिकता दिइएको संकेत गरेको छ।

## महावीर युवा कमिटीले गठन गऱ्यो

# वडादशैँका लागि १२ उपसमिति



**मधेशदृष्टि**
**जनकपुरधाम।**
श्री महावीर युवा कमिटीले आगामी वडादशैँ–२०८३ लाई सभ्य, भव्य तथा धुमधामका साथ मनाउन विभिन्न १२ वटा उपसमिति गठन गरेको छ । कमिटीको ६०औँ साधारणसभाबाट वडादशैँका धार्मिक तथा सांस्कृतिक गतिविधिलाई व्यवस्थित बनाउन उपसमितिहरू गठन गरिएको हो । साधारणसभाले पूजा व्यवस्थापन, सुरक्षा, सरसफाइ, मेला तथा भजनसन्ध्यासहितका गतिविधिका लागि छुट्टाछुट्टै संयोजक तोकेको छ।

गठित उपसमितिअन्तर्गत मूल पूजा संयोजकमा दीपक कुमार साह, ठेहा संयोजकमा बिकेश पञ्जियार, प्रसाद तथा महाप्रसाद संयोजकमा सोनु कुमार साह र रावण वध संयोजकमा आनन्द कुमार साहलाई जिम्मेवारी दिइएको छ।

त्यस्तै, सुरक्षा समिति संयोजकमा कुन्दन साह, भव्य श्रृंगार संयोजकमा विकास राई, रमाइलो मेला संयोजकमा रोशन साह, भजनसन्ध्या संयोजकमा बिक्रम साह, गहवर व्यवस्थापन संयोजकमा सुरेन्द्र साह, लाइन व्यवस्थापन संयोजकमा शशि साह, खोइछ व्यवस्थापन संयोजकमा किशन साह तथा सरसफाइ संयोजकमा सुनिल राउत चयन भएका छन्।

कमिटीका महासचिव भरत कुमार साहले वडादशैँलाई धार्मिक आस्था, परम्परा र सांस्कृतिक मौलिकता कायम राख्दै व्यवस्थित एवं मर्यादित रूपमा सम्पन्न गर्न उपसमितिहरू गठन गरिएको बताए । विगतका अनुभवलाई आधार बनाएर यस वर्ष भक्तजन तथा श्रद्धालुलाई सहज रूपमा पूजा आराधना गर्ने वातावरण निर्माण गर्ने, भीड व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा सुरक्षा र सरसफाइमा विशेष ध्यान दिने तयारी गरिएको उनले बताए।

महासचिव साहले वडादशैँलाई सभ्य, भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्नु साझा जिम्मेवारी रहेको उल्लेख गर्दै सबै उपसमितिले आ–आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने विश्वास व्यक्त गरे।

कमिटीले नवगठित सम्पूर्ण उपसमितिका संयोजकहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै वडादशैँको तयारीमा सक्रियतापूर्वक जुट्न आग्रह गरेको छ।

# प्याब्सन स्मार्ट माइन्ड्स २०८३ को उपाधि ओम नेसनल एकेडेमीलाई




**मधेशदृष्टि**
**वीरगंज।**
प्याब्सन पर्सा र प्याब्सन वीरगंजको आयोजनामा भएको प्याब्सन स्मार्ट माइन्ड्स २०८३ जुनियरतर्फको उपाधि ओम नेसनल एकेडेमीले जितेको छ । फाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै ओलम्पिक नेसनल एकेडेमीले कुल १५० अंक प्राप्त गरी प्रथम स्थान हासिल गरेको हो। त्यसैगरी एसआर ग्यालेक्सी एकेडेमी १४० अंकसहित दोस्रो, गौतम माध्यमिक विद्यालय ७५ अंकसहित तेस्रो भएका छन् । लिटल एन्जेल्स स्कुल ३५ अंकसहित चौथो तथा मास्कट एकेडेमी ३० अंकसहित सान्त्वना स्थान हासिल गर्न सफल भएका छन्।

फाइनलमा सहभागी पाँचवटै विद्यालयले यसअघि सम्पन्न विभिन्न समूहका क्वालिफिकेसन राउन्डमा समूह विजेता बन्दै फाइनलमा स्थान सुरक्षित गरेका थिए । प्रतियोगितामा जुनियरतर्फ कुल २९ विद्यालयको सहभागिता रहेको थियो । फाइनलपश्चात् आयोजित पुरस्कार वितरण समारोह प्याब्सन पर्साका अध्यक्ष सरोज प्रसाद चौधरी र प्याब्सन वीरगंजका अध्यक्ष राहुल श्रीवास्तवको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्याब्सन मधेश प्रदेशका उपाध्यक्ष इमामुद्दिन अहमद, सल्लाहकार लालबाबु पटेल, प्याब्सन पर्साका सल्लाहकार हरिश्याम ठाकुर, वरिष्ठ उपाध्यक्ष सुशीला साह, उपाध्यक्ष वीरेन्द्र यादव, प्याब्सन वीरगंजका नगर सदस्य विजय बल लगायतको उपस्थिति रहेको थियो। उनीहरूले विजेता तथा उपविजेता विद्यालयका सहभागीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए। लिटल एन्जेल्स स्कुल, ज्योतिनगरमा सम्पन्न कार्यक्रममा उक्त विद्यालयका प्रधानाध्यापक सन्नी पाख्रिन, प्याब्सन वीरगन्जका अध्यक्ष सुरज बाबु पटेल लगायतको पनि उपस्थिति रहेको थियो । प्रतियोगिताको क्विज सञ्चालन प्याब्सन वीरगन्जका सचिव अमित आलोकले गरेका थिए । प्रतियोगिताले विद्यार्थीहरूको ज्ञान, तर्कशक्ति, आत्मविश्वास र प्रतिस्पर्धात्मक क्षमताको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको छ।

## मधेशमा त्रिवि अन्तर्गत इन्जिनियरिङ

# क्याम्पस स्थापना गर्ने सरकारको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सरकारले मधेश प्रदेशमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थान (आइओई) को नयाँ क्याम्पस स्थापना गर्ने तयारी अघि बढाएको छ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मधेशमा प्राविधिक शिक्षाको पहुँच विस्तार गर्न र इन्जिनियरिङ अध्ययनका लागि विद्यार्थीले अन्य प्रदेशमा जानुपर्ने बाध्यता अन्त्य गर्न नयाँ क्याम्पस स्थापना गर्न लागिएको बताएका छन्।

मधेश प्रदेशबाट हरेक वर्ष ठूलो संख्यामा विद्यार्थी इन्जिनियरिङ अध्ययनका लागि काठमाडौंलगायत अन्य प्रदेश जाने गरेका छन् । यसका कारण विद्यार्थी तथा अभिभावकमाथि अतिरिक्त आर्थिक भार पर्नुका साथै बसाइँ र अन्य व्यावहारिक समस्या सिर्जना हुँदै आएको छ । मन्त्री पोखरेलका अनुसार नयाँ क्याम्पस स्थापनाका लागि उपयुक्त स्थान छनोट गर्ने प्रक्रिया अघि बढाइएको छ । स्थान छनोटका लागि विशेष अध्ययन समिति गठन गरिने र समितिले दिने प्रतिवेदनका आधारमा क्याम्पस स्थापनाको स्थान तय गरिनेछ।

क्याम्पस निर्माण तथा सञ्चालनको निश्चित समयसीमा तय भइनसके पनि आगामी तीन वर्षभित्र पठनपाठन सुरु गर्ने गरी आन्तरिक तयारी भइरहेको मन्त्री पोखरेलले जानकारी दिए । नयाँ क्याम्पसलाई परम्परागत पठनपाठनमा मात्र सीमित नराखी अनुसन्धान तथा नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्ने सरकारको योजना छ । आधुनिक प्रविधि, वैज्ञानिक अनुसन्धान, आविष्कार तथा त्यसको व्यावहारिक प्रयोगलाई प्राथमिकतामा राखेर क्याम्पस सञ्चालन गर्ने तयारी गरिएको छ।

मधेशमा इन्जिनियरिङ अध्ययन संस्थानको नयाँ क्याम्पस स्थापना भएपछि यस क्षेत्रका विद्यार्थीले आफ्नै प्रदेशमा गुणस्तरीय प्राविधिक शिक्षा हासिल गर्ने अवसर पाउने सरकारको अपेक्षा छ । साथै, स्थानीयस्तरमै अनुसन्धान तथा प्राविधिक नवप्रवर्तनको वातावरण निर्माण हुने विश्वास गरिएको छ । हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानका आंगिक क्याम्पस पुल्चोक, थापाथली, धरान, चितवन र पोखरामा सञ्चालनमा छन् । मधेश प्रदेशमा नयाँ क्याम्पस स्थापना भएमा इन्जिनियरिङ शिक्षाको भौगोलिक पहुँच थप विस्तार हुने अपेक्षा गरिएको छ।

## चौरचन पर्वमा धनुषाका

# दुई स्थानीय तहले दिए स्थानीय बिदा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिथिलाको धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको चौरचन पर्वका अवसरमा धनुषाका दुई स्थानीय तहले स्थानीय बिदा दिने निर्णय गरेका छन् । जनकपुरधाम उपमहानगरपालिका र कमला नगरपालिकाले भोलि सोमबार चौरचन पर्वका अवसरमा कार्यालय तथा शैक्षिक संस्थामा बिदा दिने निर्णय गरेका हुन्।

जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिका बैठकले उपमहानगरपालिका कार्यालय, मातहतका वडा कार्यालय र नगर क्षेत्रभित्रका विद्यालयमा स्थानीय बिदा दिने निर्णय गरेको हो।

उपमहानगरपालिकाले बिदाका दिन पनि स्वास्थ्य सेवा, दमकल, सरसफाइलगायत अत्यावश्यक सेवा नियमित सञ्चालन हुने जनाएको छ । स्थानीय बिदासम्बन्धी निर्णयबारे प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरी घिमिरेले सूचना जारी गरी जानकारी गराएका छन्।

यस्तै, कमला नगरपालिकाले पनि चौरचन पर्वका अवसरमा पालिकाअन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थामा स्थानीय बिदा दिने निर्णय गरेको छ।

नगरप्रमुख विशेश्वर यादवका अनुसार पालिका क्षेत्रभित्रका सम्पूर्ण शैक्षिक संस्था तथा मातहतका कार्यालयमा बिदा लागू हुनेछ।

मिथिलामा चौरचन पर्वलाई धार्मिक तथा सांस्कृतिक महत्त्वका साथ मनाउने गरिन्छ । पर्वका अवसरमा चन्द्रमाको पूजा गरी परिवारको सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्ने परम्परा छ।

## मोटरसाइकल एकआपसमा ठोक्किँदा

# एकजना को मृत्यु, दुई घाइते

**मधेशदृष्टि**
**कलैया।**
बाराको कलैया उपमहानगरपालिका–४ अदालत रोडमा दुई वटा मोटरसाइकल आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । शनिबार राति करिब १० बजे कलैयाबाट गञ्जभवानीपुरतर्फ जाँदै गरेको म.प्र.०३–०४४ प ०१२३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बि.आर.०५ एभी ६१३६ नम्बरको भारतीय मोटरसाइकल आपसमा ठोक्किएका थिए । दुर्घटनामा भारतीय मोटरसाइकल चालक कलैया–४ अदालत रोडका ३५ वर्षीय साहेब देवानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । दुर्घटनालगत्तै उपचारका लागि एल.एस. न्यूरो अस्पताल पुऱ्याइएका देवानलाई चिकित्सकले राति १० बजेर ४० मिनेटमा मृत घोषणा गरेका थिए । दुर्घटनामा म.प्र.०३–०४४ प ०१२३ नम्बरको मोटरसाइकल चालक करैयामाई गाउँपालिका–७ का ३५ वर्षीय डिके चौधरी गम्भीर घाइते भएका छन्। मोटरसाइकलमा पछाडि सवार १६ वर्षीय अन्जित चौधरी पनि घाइते भएका छन्।

## छोटी भन्सार कार्यालय

# पुनः संचालनको माग गर्दै धर्ना

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको परोहा नगरपालिका–९ रामपुरखापमा छोटी भन्सार कार्यालय पुनः सञ्चालनको माग गर्दै स्थानीयवासीले भदौ २५ गते देखि रिले अनशन तथा धर्ना जारी राखेका छन् । धर्नामा बसेका स्थानीयवासीले प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलसहित सुरक्षा निकायका प्रमुख तथा भन्सार कार्यालयका प्रमुखको टोलीसँग जसरी भएपनि रामपुरखाप नाका सञ्चालनमा ल्याउन माग गरेका छन्।

स्थानीयका अनुसार छोटी भन्सार कार्यालय बन्द हुँदा सीमावर्ती क्षेत्रका नागरिक तथा व्यवसायीलाई आवतजावत र व्यापारिक कारोबारमा समस्या भइरहेको छ । उनीहरूले नाका पुनः सञ्चालन नभएसम्म आन्दोलन जारी राख्ने बताएका छन्।

## गरिमा चौधरी हत्या प्रकरणः

# अदालतको आदेशविरुद्ध युवा सडकमा, मुख्य अभियुक्तलाई २० हजार धरौटी




**मधेशदृष्टि**
**कलैया।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१ की तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा जिल्ला अदालत बाराले प्रतिवादीहरूलाई धरौटी र साधारण तारेखमा छाड्ने आदेश दिएपछि त्यसको विरोधमा युवा सडकमा उत्रिएका छन् । जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले गत बिहीबार मुख्य अभियुक्त भनिएका प्रोग्रेश उर्फ पुरग्रेश चौधरीलाई २० हजार रुपैयाँ धरौटीमा छाड्ने तथा अन्य नौ जना प्रतिवादीलाई साधारण तारेखमा राखेर मुद्दाको पुर्पक्ष गर्ने आदेश दिएपछि युवाहरूले त्यसप्रति तीव्र असन्तुष्टि जनाएका हुन्।

अदालतको आदेशविरुद्ध जेनजी एन्ड युथ अफ बाराका अध्यक्ष सौरभ पाण्डेयको नेतृत्वमा आइतबार कलैयामा प्रदर्शन भएको हो।

प्रदर्शनकारीले न्यायाधीश अधिकारीको कलैया उपमहानगरपालिका–१, राजदेवी टोलस्थित निवासअगाडि तथा भरतचोकमा विरोध प्रदर्शन गर्दै बजार परिक्रमा गरेका थिए। प्रदर्शनका क्रममा युवाहरूले 'गरिमा चौधरीलाई न्याय देऊ', 'कानुन संशोधन गर' र 'बलात्कारीलाई धरौटीमा छोड्न मिल्दैन' लगायतका नारा लगाएका थिए । घटनामा संलग्न भनिएका दुई नाबालकलाई भने अदालतले अन्तिम फैसला नभएसम्मका लागि वीरगंजस्थित बाल सुधार गृहमा पठाउने आदेश गरेको छ । तीमध्ये एक नाबालकले बालिकालाई चकलेट दिएर बलात्कार तथा हत्या गरेको स्वीकार गरेको विवरणसमेत सार्वजनिक भएको छ।

### मुख्य अभियुक्तलाई किन धरौटी ?

अदालतको आदेशअनुसार प्रोग्रेश चौधरीले घटनामा आफ्नो संलग्नता अस्वीकार गरेका छन् । तर, घटना भएको स्थानमा आफू बिजुली बाल्न गएको स्वीकार गरेको तथा प्रत्यक्षदर्शी र स्थानीयको भनाइबाट उनलाई तत्काल कसुरमुक्त गर्न सकिने अवस्था नरहेको अदालतको ठहर छ। यही आधारमा प्रमाण ऐन, २०३१ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम अदालतले उनीसँग २० हजार रुपैयाँ धरौटी माग गरेको हो।

### अन्य नौ जना साधारण तारेखमा

अदालतले इन्द्रजीत चौधरी, बबिता चौधरी, ममता चौधरी, पुष्पा चौधरी, नवीन विक, टेकबहादुर थापामगर, शेष हस्मुदिन आलम, सविता चौधरी र बिन्दु चौधरी भनिने बिन्दुदेवी चौधरीलाई साधारण तारेखमा राखेर मुद्दा अघि बढाउने आदेश दिएको छ। यी प्रतिवादीहरूले घटनामा आफ्नो संलग्नता अस्वीकार गर्दै बयान दिएको अदालतको आदेशमा उल्लेख छ । पीडित परिवारले उनीहरूसमेतको मिलेमतोमा बालिकालाई अपहरण गरी शरीर बन्धक बनाएर बलात्कारपछि हत्या गरिएको आरोप लगाए पनि घटनाबारे बुझिएका व्यक्तिहरूको बयान तथा उपलब्ध प्रमाणबाट उनीहरूलाई तत्काल कसुरदार ठहर गर्न सकिने पर्याप्त आधार नदेखिएको अदालतको निष्कर्ष छ।

मुख्य कसुरदारलाई घटना गराउन आवश्यक स्रोत–साधन उपलब्ध गराएको, प्रत्यक्ष सहयोग गरेको वा प्रमाण नष्ट गरेको पुष्टि हुने ठोस तथ्य र प्रमाण मिसिलबाट नदेखिएको भन्दै अदालतले उनीहरूलाई थुनामा राख्न वा धरौटी मागेर पुर्पक्ष गर्नुपर्ने अवस्था नरहेको जनाएको छ।

त्यसैले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम उनीहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको हो । साथै फरार रहेका प्रतिवादीका नाममा कानुनबमोजिम म्याद जारी गरी प्रक्रिया अघि बढाउन अदालतले आदेश दिएको छ।

### घटनापछि लामो संघर्ष, आदेशपछि फेरि आक्रोश

गत साउन ३१ गतेदेखि हराइरहेकी तीन वर्षीया गरिमाको शव भदौ २ गते फेला परेको थियो । घटनापछि न्यायको माग गर्दै पीडित परिवार तथा स्थानीयस्तरमा निरन्तर दबाब सिर्जना भएको थियो । गृह मन्त्रालयसँग तीनबुँदे सहमति भएपछि मात्र भदौ ७ गते बालिकाको अन्त्येष्टि गरिएको थियो । तर, मुख्य अभियुक्तलाई न्यून धरौटीमा र अन्य प्रतिवादीलाई साधारण तारेखमा छाड्ने अदालतको आदेशपछि घटनालाई लिएर पुनः आक्रोश चुलिएको छ। प्रदर्शनमा सहभागी युवाहरूले बालिकामाथि भएको जघन्य अपराधमा अदालतको आदेश पुनर्विचार हुनुपर्ने र पीडितले न्याय पाउने गरी कानुनी व्यवस्था प्रभावकारी बनाउनुपर्ने माग गरेका छन्। तीन वर्षीया बालिकामाथि भएको बलात्कारपछि हत्याजस्तो गम्भीर घटनामा आएको थुनछेक आदेशले कानुनी प्रक्रिया, पीडितको न्याय र बालबालिकाको सुरक्षासम्बन्धी बहसलाई पुनः सतहमा ल्याएको छ।

## सीमा सुरक्षामा नेपाल–भारत सुरक्षा संयन्त्र सक्रिय,

# अपराध नियन्त्रणका लागि संयुक्त गस्ती



**मधेशदृष्टि**
**वीरगंज।**
सीमा क्षेत्रमा बढ्न सक्ने आपराधिक गतिविधि तथा अवैध कारोबार नियन्त्रण गर्न नेपाल र भारतका सुरक्षा निकायले संयुक्त निगरानीलाई तीव्रता दिएका छन् । सीमा क्षेत्रमा हुने तस्करी, लागुऔषध कारोबार, मानव बेचबिखन तथा ओसारपसार, जाली नोटको कारोबारदेखि चोरी–डकैतीसम्मका गतिविधि नियन्त्रण गर्ने उद्देश्यले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले संयुक्त गस्ती गरेका छन्।

आइतबार इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक भानुभक्त अर्यालको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मी तथा भारतीय सीमा सुरक्षा बल (एसएसबी) का प्रहरी निरीक्षकसहितको संयुक्त टोलीले सीमा क्षेत्रमा 'जोइन्ट पेट्रोल' सञ्चालन गरेको हो।

खुला सीमाको फाइदा उठाउँदै हुन सक्ने अवैध गतिविधि रोक्न दुवै देशका सुरक्षा निकायले सीमा क्षेत्रमा निगरानी र समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा जोड दिएका छन्। संयुक्त गस्तीका क्रममा सीमावर्ती क्षेत्रमा देखिन सक्ने शंकास्पद गतिविधि, अस्वाभाविक आवतजावत तथा अवैध सामानको ओसारपसारमाथि विशेष निगरानी गर्ने विषयमा समेत छलफल भएको जनाइएको छ । सुरक्षा निकायका अनुसार सीमा क्षेत्रमा अवैध वस्तु तथा सामानको तस्करी, लागुऔषधको ओसारपसार, मानव बेचबिखन तथा ओसारपसार, जाली नोटको कारोबार, चोरी र डकैतीलगायतका गतिविधि नियन्त्रणका लागि नेपाल–भारत सुरक्षा संयन्त्रबीच नियमित सहकार्य अपरिहार्य छ । सोही आवश्यकतालाई ध्यानमा राख्दै संयुक्त गस्तीमार्फत सीमा सुरक्षाको अवस्थाबारे प्रत्यक्ष निगरानी र अन्तरक्रिया गरिएको हो।

गस्ती तथा अन्तरक्रियाका क्रममा सीमाक्षेत्रमा देखिएका सुरक्षा चुनौती, आपराधिक गतिविधिको सम्भावित जोखिम र आगामी दिनमा अपनाउनुपर्ने सुरक्षा रणनीतिबारे दुवै देशका सुरक्षाकर्मीबीच छलफल भएको थियो । सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणका लागि आवश्यक सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने तथा आपसी समन्वयमा संयुक्त निगरानीलाई निरन्तरता दिने सहमति समेत भएको बताइएको छ। इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक भानुभक्त अर्यालले सीमा क्षेत्रमा शान्ति सुरक्षा कायम गर्नुका साथै अपराध नियन्त्रण र नागरिकको सुरक्षालाई उच्च प्राथमिकतामा राखिएको बताएका छन् । सीमा क्षेत्रमा हुने शंकास्पद गतिविधिमाथि निगरानी बढाउँदै सुरक्षा व्यवस्थालाई थप चुस्त र प्रभावकारी बनाउने विषयमा उनले जोड दिएका थिए।

नेपाल–भारत सीमामा हुने अवैध गतिविधि नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायबीच हुने यस्ता संयुक्त गस्तीले अपराधी तथा तस्करीमा संलग्न समूहलाई निरुत्साहित गर्ने अपेक्षा गरिएको छ । साथै, सीमा क्षेत्रमा सुरक्षा उपस्थिति बलियो बनाउँदै सर्वसाधारणमा सुरक्षित वातावरणको अनुभूति दिलाउनसमेत संयुक्त गस्ती प्रभावकारी हुने सुरक्षा निकायको विश्वास छ।

## बसन्तपुरको विद्यालय भवनका लागि

# ७६ लाख ५९ हजारको परियोजना स्वीकृत



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिका–३ बसन्तपुरस्थित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको भौतिक पूर्वाधार विकासका लागि ७६ लाख ५९ हजार ५ सय रुपैयाँ बराबरको सहयोग परियोजना स्वीकृत भएको छ । विद्यालयको जीर्ण तथा अपर्याप्त भौतिक संरचनाका कारण समस्या झेल्दै आएका विद्यार्थी र अभिभावकका लागि भवन निर्माणको परियोजना स्वीकृत भएपछि स्थानीयस्तरमा खुसी छाएको छ । ग्रामीण क्षेत्रका बालबालिकालाई सुरक्षित, व्यवस्थित र गुणस्तरीय शैक्षिक वातावरण उपलब्ध गराउने उद्देश्यले विद्यालय भवन निर्माणका लागि उक्त परियोजना अघि बढाइएको हो । लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक ३२५ एस. को प्रथम डिस्ट्रिक क्याबिनेट मिटिङबाट परियोजना स्वीकृत गर्ने निर्णय भएको जनाइएको छ।

विद्यालयको भौतिक अवस्था सुधारका लागि परियोजना स्वीकृत गराउन लायन्स क्लब अफ पोखरियाका अध्यक्ष लायन नेजामुद्दीन शमानीले सक्रिय पहल र समन्वय गर्दै आएको क्लबले जनाएको छ । उनको पहलमा विद्यालय भवन निर्माणका लागि ठूलो बजेटको परियोजना स्वीकृत भएको हो । परियोजना कार्यान्वयनमा आएपछि विद्यालयको लामो समयदेखिको भौतिक पूर्वाधारको समस्या समाधान हुने अपेक्षा गरिएको छ । भवन निर्माणपछि विद्यार्थीले सुरक्षित कक्षाकोठामा अध्ययन गर्ने अवसर पाउनुका साथै विद्यालयको समग्र शैक्षिक वातावरणमा समेत सुधार आउने विश्वास गरिएको छ।

विशेषगरी ग्रामीण तथा विपन्न समुदायका बालबालिका अध्ययन गर्ने विद्यालय भएकाले भवन निर्माण परियोजनालाई स्थानीय शिक्षाको विकासमा महत्वपूर्ण कदमका रूपमा लिइएको छ। आवश्यक भौतिक संरचना अभावमा पठनपाठनमा देखिने समस्या कम हुनुका साथै विद्यार्थीको नियमित अध्ययनमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । परियोजना स्वीकृत गराउन पहल, समन्वय र सहयोग गरेको भन्दै लायन्स क्लब अफ पोखरिया परिवारले लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक ३२५ एस. का अध्यक्ष लायन रामबिहारी पाण्डेयसहित सम्पूर्ण पदाधिकारी, सदस्य तथा सहयोगीहरूप्रति आभार व्यक्त गरेको छ।

परियोजना स्वीकृत भएको अवसरमा लायन्स क्लब अफ पोखरियाका अध्यक्ष लायन नेजामुद्दीन शमानीलाई लायन्स क्लबको पिन लगाएर सम्मानसमेत गरिएको थियो । सम्मानपछि शमानीले आफूले पाएको माया, विश्वास र सम्मानले थप जिम्मेवारीबोध भएको बताउँदै विद्यालय भवन निर्माण परियोजनालाई सफल बनाउन सबै पक्षको सहयोग र सहकार्य आवश्यक रहेको उल्लेख गरे।

विद्यालय भवन निर्माणको परियोजना स्वीकृत भएको खबरले बसन्तपुरका स्थानीय अभिभावकहरूमा समेत उत्साह थपिएको छ । लामो समयदेखि विद्यालयको भौतिक संरचना सुधारको आवश्यकता महसुस गर्दै आएका अभिभावकले भवन निर्माण भएपछि आफ्ना बालबालिकाले अझ सुरक्षित र सहज वातावरणमा अध्ययन गर्न पाउने विश्वास व्यक्त गरेका छन्।

७६ लाख ५९ हजार ५ सय रुपैयाँको उक्त सहयोग परियोजना प्रभावकारी रूपमा कार्यान्वयनमा आएमा बसन्तपुरस्थित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको भौतिक स्वरूपमा उल्लेख्य परिवर्तन आउने मात्र होइन, ग्रामीण क्षेत्रका बालबालिकाको शैक्षिक वातावरण सुधारमा समेत महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## लोककल्याणकारी विज्ञापनको रकम

# नकटाउन ओलीसमक्ष छापा सञ्चारमाध्यमको आग्रह



**मधेशदृष्टि**
**काठमाडौँ।**
आर्थिक संकटसँग जुधिरहेका छापा सञ्चारमाध्यमलाई सरकारले उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती नगर्न माग गर्दै छापा माध्यम बचाउ सुझाव कार्यदलले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको ध्यानाकर्षण गराएको छ । कार्यदलका प्रतिनिधिले आइतबार एमाले केन्द्रीय कार्यालय च्यासल पुगेर अध्यक्ष ओलीलाई ध्यानाकर्षणपत्र बुझाउँदै छापा सञ्चारमाध्यमले पछिल्लो समय भोगिरहेका आर्थिक तथा व्यावसायिक चुनौतीबारे जानकारी गराएका हुन्।

कार्यदलले छापा माध्यमको आम्दानी निरन्तर कमजोर हुँदै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनबापत प्राप्त हुने रकमसमेत घटाइए नियमित प्रकाशनमा गम्भीर असर पर्ने जनाएको छ। विज्ञापनको रकम कटौतीले सञ्चारमाध्यमको सञ्चालन मात्र नभई त्यहाँ कार्यरत पत्रकार तथा कर्मचारीको रोजगारीसमेत प्रत्यक्ष प्रभावित हुने कार्यदलको भनाइ छ । छापा सञ्चारमाध्यमको संरक्षण, प्रवर्द्धन र निरन्तरताका लागि राज्यले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिनुपर्नेमा कार्यदलले जोड दिएको छ । सञ्चार क्षेत्रलाई थप संकटमा धकेल्ने गरी विज्ञापनको रकम कटौती नगर्न सरकारको ध्यानाकर्षण गराउँदै कार्यदलले विद्यमान सहयोगलाई प्रभावकारी रूपमा कायम राख्न आग्रह गरेको हो।

नेपाल पत्रकार महासङ्घ, उपत्यका प्रदेश कमिटीको तर्फबाट गठन गरिएको कार्यदलका संयोजक दामोदर दवाडीसहितको टोलीले अध्यक्ष ओलीसँग छापा सञ्चारमाध्यमको वर्तमान अवस्था, बढ्दो आर्थिक संकट तथा सञ्चार क्षेत्रलाई दीर्घकालीन रूपमा टिकाउ बनाउन आवश्यक नीतिगत व्यवस्थाका विषयमा छलफल गरेको थियो । छापा माध्यमको आर्थिक आधार कमजोर बन्दै जाँदा लोककल्याणकारी विज्ञापनबाट प्राप्त हुने सरकारी सहयोगलाई सञ्चारमाध्यमको नियमित प्रकाशन र पत्रकारको रोजगारी जोगाउने महत्वपूर्ण आधारका रूपमा कार्यदलले प्रस्तुत गरेको थियो।

भेटका क्रममा अध्यक्ष ओलीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफूहरू स्पष्ट रहेको बताएका थिए । उनले लोककल्याणकारी विज्ञापनको अवधारणाको पक्षमा समेत आफ्नो समर्थन रहेको स्पष्ट गरेको कार्यदलले जनाएको छ । छापा सञ्चारमाध्यमको आर्थिक संकट गहिरिँदै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनको रकम कटौती भए त्यसको प्रत्यक्ष असर प्रकाशनको निरन्तरता र सञ्चारकर्मीको रोजगारीमा पर्न सक्ने भन्दै कार्यदलले राज्यबाट उपलब्ध हुँदै आएको सहयोगलाई थप व्यवस्थित र निरन्तर बनाउनुपर्नेमा जोड दिएको छ।

# बकुलियाबाट एकै परिवारका तीन बालबालिका एकैपटक बेपत्ता




**मधेशदृष्टि**
**कलैया।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–५ बकुलियाबाट एकै परिवारका तीन बालबालिका एकैपटक सम्पर्कविहीन भएपछि प्रहरीले खोजी अभियान तीव्र बनाएको छ । भारत स्थायी घर भई हाल बकुलियामा बस्दै आएका मुकेश पासवानका १०, ७ र ५ वर्षका तीन छोराछोरी आइतबार बिहान घरबाट निस्किएपछि सम्पर्कविहीन भएका हुन्।

परिवारका अनुसार १० वर्षीया काजल, ७ वर्षीया सुन्दरी र ५ वर्षीय धिरज बिहान करिब ५ बजेदेखि बेखबर छन् । घरबाट बाहिरिएपछि लामो समयसम्म पनि उनीहरू सम्पर्कमा नआएपछि परिवारले खोजी गर्दा अवस्था पत्ता नलागेको हो । तीनै बालबालिका एकैपटक सम्पर्कविहीन भएपछि परिवारले प्रहरीमा निवेदन दिएर खोजीका लागि सहयोग मागेको छ । घटनाको जानकारी पाएलगत्तै प्रहरीले सम्भावित स्थानमा खोजी सुरु गरेको जनाएको छ।

बाराका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले बालबालिकाको खोजीका लागि प्रहरी टोली परिचालन गरिएको जानकारी दिएका छन् । उनका अनुसार बालबालिकाको तस्वीर तथा हुलियासहित जिल्लाका विभिन्न प्रहरी कार्यालयमा समेत सूचना पठाइएको छ । बालबालिकाको खोजीका लागि जीतपुरस्थित इलाका प्रहरी कार्यालयबाट प्रहरी टोली परिचालन गरिएको छ । प्रहरीले उनीहरू पुग्न सक्ने सम्भावित स्थान तथा आसपासका क्षेत्रमा खोजी र निगरानी बढाएको जनाएको छ।

एकै परिवारका तीन बालबालिका बिहानैदेखि सम्पर्कविहीन भएपछि परिवारजन चिन्तित बनेका छन् । प्रहरीले बालबालिकाको अवस्थाबारे कुनै जानकारी प्राप्त भए तत्काल प्रहरीलाई खबर गर्न आग्रह गर्दै खोजी कार्यलाई तीव्रता दिएको छ।

## तीजको दरमा रमाए महिला,

# मधेशमा पनि बढ्दै सांस्कृतिक रौनक

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली हिन्दु नारीहरूको महान् पर्व हरितालिका तीजअन्तर्गत आज दर खाने दिन मनाइँदैछ । भाद्र शुक्ल द्वितीयाका दिन आज राति दर खाएसँगै चार दिनसम्म मनाइने तीज पर्वको औपचारिक सुरुआत भएको हो । परम्पराअनुसार माइती तथा दाजुभाइले छोरीचेली र दिदीबहिनीलाई बोलाएर दर खुवाउने चलन छ।

दरका रूपमा दूधबाट बनेका परिकार, गहुँको रोटी र घिउलगायतका शुद्ध परिकार खाने धार्मीक परम्परा रहेको छ । पछिल्लो समय तीजको रौनक काठमाडौं उपत्यका र पहाडी क्षेत्रसँगै तराई–मधेशमा समेत बढ्दै गएको छ । तराई–मधेशका विभिन्न स्थानमा पनि महिलाहरू समूह बनाएर तीजका गीत गाउँदै, नाच्दै र दर खाने कार्यक्रम आयोजना गर्न थालेका छन् । तीजलाई महिलाहरूले वर्षभरिका दुःख, पीर र मर्का गीत तथा नृत्यमार्फत पोख्ने अवसरका रूपमा समेत मनाउँदै आएका छन्।

यसैबिच, मधेशी समुदायको महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व चौरचनको अवसरमा धनुषाका दुई स्थानीय तहले स्थानीय बिदा दिने निर्णय गरेका छन् । जनकपुरधाम उपमहानगरपालिका र कमला नगरपालिकाले भोली सोमबार मनाइने चौरचन पर्वका अवसरमा आफ्नो क्षेत्रभित्र स्थानीय बिदा दिने निर्णय गरेका हुन् । चौरचन पर्वलाई धार्मिक तथा सांस्कृतिक रूपमा महत्त्वपूर्ण पर्वका रूपमा मनाउने गरिन्छ । यस पर्वमा भगवान गणेश र चन्द्रमाको पूजा गरी परिवारको सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्ने परम्परा रहेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन